## वन कुकुर संरक्षणका चुनौतीहरु :

- प्राकृतिक बासस्थानको क्षति,
- आहाराजन्य प्रजातिहरुको संख्यामा ह्रास,
- निकुञ्ज तथा वन क्षेत्रको अतिक्रमण
- बिषको प्रयोग
- पासो, धराप आदिको प्रयोग,
- अनियन्त्रित आगलागि,
- घरपालुवा कुकुरबाट सर्ने रोग
- अन्य शिकारी प्रजाति (बाघ, चितुवा, हिउँ चितुवा आदि) हरु संगको प्रतिस्पर्धा
- मिचाहा प्रजातिबाट वासस्थानमा क्षति
- वन्यजन्तुमैत्री विकासका पूर्वाधारहरु निर्माण नहुनु


## वन कुकुर किन संरक्षण गर्ने :

- वन कुकुरहरु प्रमुख शिकारी प्रजाति भएको हुनाले यसले आहाराजन्य प्रजातिकाहरुको नियमनमा सहयोग पुऱ्याउँछ। यिनिहरु बिना आहाराजन्य प्रजातिहरुको अनियन्त्रित बृद्धि भई मानव वन्यजन्तु बीच द्वन्द्व बढ्दै जान्छ।
- परिस्थितिक प्रणालीको सन्तुलन कायम राख्न।
- जैविक विविधता संरक्षणमा महत्वपूर्ण योगदान।
- प्रत्येक प्रजातिहरुलाई प्रकृतिमा बाँच्न पाउने अधिकार छ।
- भावी पुस्ताले प्राकृतिक बासस्थानमा देख्न पाउने सुनिश्चितताको लागि।

## वन कुकुर संरक्षण कसरी गर्ने :

- अतिक्रमण रोकी प्राकृतिक बासस्थानको संरक्षण तथा सम्बर्न्धन गर्ने।
- वन कुकुर सम्बन्धी बैज्ञानिक अध्ययन अनुसन्धान बढाउने।
- वन कुकुर संम्वन्धी जानकारी मूलक जनचेतना कार्यक्रमहरु समय समयमा सञ्चालन गर्ने।

## वन कुकुर चिन्ने तरिका :




### थप जानकारी :


स्मृती लामा
मोबाइल नम्बर: ९८४९४२५१०९
E-mail: smriteelama11@gmail.com


# वन कुकुर संरक्षणको लागि सहकार्य गरौं। वन कुकुर लोप हुनबाट बचाऔं।



# वन कुकुर सम्बन्धि छोटो जानकारी

Himalayan Nature

The Rufford Foundation
www.rufford.org @ruffordgrants

## परिचय :

वन कुकुर विश्वभर पाइने क्यानिड्स परिवारको सबैभन्दा संकटापन्न अवस्थामा रहेको एक स्तनधारी प्रजाति हो । यसको वैज्ञानिक नामः क्युन अल्पाईनस (*Cuon alpinus*), अंग्रेजीः नाम ढोल (Dhole), एशियाली वन कुकुर (Asiatic Wild dog) र नेपाली नामः वन कुकुर रहेको छ । यसलाई विभिन्न ठाउँ तथा भाषाहरु अनुसार ब्वाँसो, फार च्यु, ब्वान्सा, बन्सा कुत्ता, वन नागी आदि भन्ने गरिन्छ । वन कुकुर बंगलादेश, भुटान, कम्बोडिया, चीन, भारत, इन्डोनिसिया, मलेसिया, म्यानमार, नेपाल, थाइल्याण्ड र लाओस गरी ११ वटा देशमा पाइन्छ । वन कुकुरहरु समूहमा बस्न रुचाउँछन् । यिनीहरु २ देखि २५ को संख्यामा एक समूहमा हुन्छ । समूहको नेतृत्व एक जोडीले गरेको हुन्छ जसलाई "अल्फा जोडी" भनिन्छ । यिनीहरुले १ बेतमा १२ वटा सम्म बच्चा जन्माउँछन् । विश्वभर ९४९ देखि २,२१५ प्रजनन्योग्य वन कुकुरहरुको जनसंख्या रहेको छ । नेपालमा वन कुकुर संरक्षित क्षेत्र भित्र र संरक्षित क्षेत्र बाहिर धेरैजसो ठाउँतिर पाइने गर्छ तर यस अध्ययन अनुसन्धान कम संख्यामा मात्र भएको हुनाले नेपालमा यसको यकिन संख्या यति छ भन्न सक्ने अवस्था छैन ।



## बासस्थान र आहारा प्रजाति :

वन कुकुरहरु समुन्द्र सतह देखि ५३०० मिटर भित्र पर्ने सुख्ख पतझड, ओसिलो पतझड, उष्ण सदाबर वन, उष्ण बर्षा, खुला मैदान आदि किसिमको बासस्थानमा पाइन्छ । नेपालमा यो तराईदेखि हिमाली क्षेत्र तथा जैविक मार्गहरुमा पनि पाइन्छ ।

तर विगत एक शताब्दीमा यसको बासस्थानमा ७५% ह्रास आएको छ । जसको कारणले गर्दा हाल यसको संख्यामा निरन्तर ह्रास आएको र स-साना संख्यामा छरिएर रहेको पाइन्छ । वन कुकुरले विभिन्न जीव जनावरहरुलाई शिकारको रुपमा खाने गर्दछ ।



जसमा मुसा प्रजाति देखि लिएर जरायो, चित्तल, जंगली बंदेल, रतुवा, खरायो, लंगुर तथा गौरीगाई सम्मको शिकार गर्छन् । मृग प्रजाति मन पर्ने आहारा भएता पनि आफ्नो आहाराको रुपमा कहिले काँही फलफूल र घाँस समेत समावेश गरेको पाइन्छ । वन कुकुरहरुले जंगल भित्र आफ्नो बासस्थानमा आउने बस्तुभाउ (बाखा,भैसी, गाई गोरु आदि) को समेत शिकार गर्ने गरेको पाइन्छ ।



## कानूनी प्रावधान/संरक्षण स्थिति :

नेपालमा वन कुकुरलाई संरक्षणको हिसाबले त्यति धेरै महत्व दिइएको पाइदैन । तर, अन्तराष्ट्रिय कानून बमोजिम CITES अनुसूची २ मा सूचीकृत गरिएको छ भने IUCN को खतरा सूची अन्तर्गत संकटापन्न (Endangered) वर्गमा राखेको छ । नेपालको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अन्तर्गत यसलाई मार्ने, घाइते बनाउने वा क्षति पुऱ्याउनेलाई बीस हजार रुपैया देखि पचास हजार रुपैया सम्म जरिवाना वा छ महिना देखि एक वर्ष सम्म कैद वा दुवै सजाय हुनेछ । वन कुकुरको आक्रमणबाट मानिसलाई घाइते बनाएमा वा मृत्यु भएको आवस्थामा वा पशुधनको क्षति गरेमा वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका २०६९ तथा त्यसको तेस्रो संसोधन २०७५ अनुसार राहतको व्यवस्था गरिएको छ ।

# वन कुकुर संरक्षणको लागि सहकार्य गरौं ।
# वन कुकुर लोप हुनबाट बचाऔं ।

## ❖ बन कुकुर सम्बन्धि संक्षिप्त जानकारी :




क्यानिड्स परिवारको सवैभन्दा संकटापन्न अवस्थामा रहेको प्रजाति







विगत एक शताब्दीमा ७५% ऐतिहासिक बासस्थानमा ह्रास आएको




२ देखि २५ को समूह, विश्वभर ९४९ देखि २२१५ व्यस्कक संख्या मात्र

## ❖ संरक्षणका चुनौतीहरू:




प्राकृतिक बासस्थानको क्षति



आहाराजन्य प्रजातिहरुको संख्यामा ह्रास,



बिष, पासो, तथा धराप आदिको जोखिम




घरपालुवा कुकुरबाट सर्ने रोग




अन्य शिकारी प्रजातिहरु संगको प्रतिस्पर्धा,




राजमार्ग तथा अन्य ठुला पुर्वाधार



## ❖ आहारा सम्बन्धि जानकारी :




मृग प्रजाति देखि लिएर जंगली बंदेल तथा गौरीगाई सम्मको शिकार, कहिले काँही फलफूल र घाँस समेत खान



कहिले काही आफ्नो बासस्थानमा आउने बस्तुभाउको समेत शिकार

## ❖ संरक्षणको उपायहरू:



वासस्थानको संरक्षण तथा सम्बर्न्धन गर्ने



वन कुकुर सम्बन्धी बैज्ञानिक अध्ययन अनुसान्धन बढाउने



जानकारी मूलक जनचेतना कार्यक्रमहरु


थप जानकारी:
स्मृती लामा
मोबाइल नम्बर: ९८४९४२५१०९
E-mail: smriteelama11@gmail.com


तस्वीर तथा चित्र:
www.iucnredlist.org
अर्जुन श्रीवास्तव